# राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७

**नेपाल राजपत्रमा प्रकाशित मिति**

२०७७/०४/२६

**संशोधन**

| | | |
|---|---|---|
| १. | राष्ट्रिय चिकित्सा शिक्षा (पहिलो संशोधन) नियमावली, २०७८ | २०७८/०४/१९ |
| २. | राष्ट्रिय चिकित्सा शिक्षा (दोस्रो संशोधन) नियमावली, २०७९ | २०७९/०५/२० |

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरूको नाम "राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "सचिवालय" भन्नाले आयोगको सचिवालय सम्झनु पर्छ।

(ग) "सदस्य-सचिव" भन्नाले आयोगको सदस्य-सचिव सम्झनु पर्छ।

## परिच्छेद-२
## आयोग, समिति र उपाध्यक्षको काम, कर्तव्य र अधिकार

३. **आयोगको काम, कर्तव्य र अधिकारः** ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) शिक्षण संस्था गाभ्ने सम्बन्धमा आवश्यक मापदण्ड स्वीकृत गर्ने,

(ग) चिकित्सा शिक्षाका विभिन्न तह र विषयको मूल पाठ्यक्रम, शिक्षण विधि र उपाधि सम्बन्धी मापदण्ड स्वीकृत गर्ने।

४. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको योजना तर्जुमा, वार्षिक कार्यक्रम र बजेट सम्बन्धी कार्य गर्ने,

(ख) आयोगको कार्यक्रम कार्यान्वयन गर्न विश्वविद्यालय, प्रतिष्ठान र विषयगत काउन्सिलसँग समन्वय र सहजीकरण गर्ने,

(ग) आयोगको सङ्गठन र व्यवस्थापन सर्वेक्षण सम्बन्धी कार्य गर्ने,

(घ) आयोगबाट सम्पादन भएका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(ङ) चिकित्सा शिक्षाका विभिन्न तह र विषयको मूल पाठ्यक्रम, शिक्षण विधि र उपाधि सम्बन्धी मापदण्ड स्वीकृतिका लागि आयोग समक्ष सिफारिस गर्ने,

(च) शिक्षण संस्था गाभ्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी स्वीकृतिको लागि आयोग समक्ष पेश गर्ने,

(छ) शिक्षण संस्था स्थापनाका लागि नक्शाङ्कन गरी आयोगमा पेश गर्ने,

(ज) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट सञ्चालित अन्तिम परीक्षामा उत्तीर्ण विद्यार्थीलाई उपाधि प्रदान गर्न आयोग समक्ष सिफारिस गर्ने,

(झ) आयोगले तोके बमोजिमका अन्य काम गर्ने वा गराउने।

५. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगबाट निर्णय हुने विषयमा प्रस्ताव तयार गरी आयोग समक्ष पेश गर्ने,

(ख) निर्देशनालय र बोर्डको कार्यको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(ग) प्राज्ञिक कार्यक्रमसँग सम्बन्धित वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनको ढाँचा स्वीकृत गर्ने,

(घ) आयोग तथा समितिबाट प्रत्यायोजित अन्य काम गर्ने वा गराउने।

## परिच्छेद- ३

## आशयपत्र, सम्बन्धन र शैक्षिक कार्यक्रम

६. **आशयपत्रः** (१) चिकित्सा शिक्षाको राष्ट्रिय नीति, आशयपत्र सम्बन्धी मापदण्ड तथा शिक्षण संस्था स्थापनाको नक्साङ्कन अनुकूल हुने गरी आवश्यक देखिएका क्षेत्रमा शिक्षण संस्था स्थापनाका लागि आयोगले आशयपत्र प्रदान गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम आशयपत्र प्राप्त गर्न चाहने शिक्षण संस्थाले अनुसूची –१ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको दस्तुर बुझाएको बैङ्क भौचर समेत संलग्न गरी आयोगमा निवेदन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिने संस्थाले ऐन बमोजिमका मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा समिति आफैंले वा सम्बन्धित विषयका विज्ञहरूबाट अध्ययन गराउन तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्न वा गराउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम भएको अध्ययन वा निरीक्षणका आधारमा त्यस्तो संस्थाले ऐन बमोजिमको मापदण्ड पूरा गरेको देखिएमा आशयपत्र प्रदान गर्न समितिले आयोग समक्ष सिफारिस गर्नेछ।

(५) उपनियम (४) बमोजिम समितिको सिफारिस समेतको आधारमा आयोगले आवश्यक शर्त तोकी आशयपत्र प्रदान गर्न सक्नेछ।

(६) यो नियमावली प्रारम्भ भएपछि आशयपत्र प्राप्त गरेका शिक्षण संस्थाको आशयपत्रको अवधि पाँच वर्षसम्म बहाल रहनेछ र सो अवधिभित्र शिक्षण संस्था सञ्चालन नभएमा त्यस्तो संस्थाले प्राप्त गरेको आशयपत्र रद्द हुनेछ।

७. **आशयपत्रको नवीकरणः** (१) यो नियमावली प्रारम्भ हुँदाका बखत आशयपत्र प्राप्त गरेका वा नियम ६ बमोजिम आशयपत्र प्राप्त गरेका शिक्षण संस्थाले प्रत्येक वर्ष असार मसान्तभित्र आशयपत्र नवीकरण गराउनु पर्नेछ।

(२) आशयपत्रको नवीकरण दस्तुर अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धनका लागि सिफारिस भएका तर आशयपत्रको नवीकरण नगराएका शिक्षण संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र यस नियमावली बमोजिम आशयपत्र नवीकरण गराउनु पर्नेछ।

(४) यस नियम बमोजिम नवीकरण नगरेको आशयपत्र स्वतः रद्द हुनेछ।

८. **सम्बन्धनः** (१) नियम ६ बमोजिम आशयपत्र प्राप्त गरेको शिक्षण संस्थाले सम्बन्धनको सिफारिसको लागि अनुसूची-३ बमोजिमको ढाँचामा आयोग समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा ऐन तथा आयोगले तोकेको मापदण्ड पूरा गरी स्वयं मूल्याङ्कन प्रतिवेदन समेत संलग्न गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिने संस्थाले ऐन बमोजिमका मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा समिति आफैंले वा सम्बन्धित विषयका विज्ञहरूबाट अध्ययन गराउन तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्न वा गराउन सक्नेछ।

(४) उपनियम (३) बमोजिमको अध्ययन वा निरीक्षणबाट सम्बन्धन दिन मनासिब देखिएमा समितिले आयोगमा सिफारिस गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम समितिको सिफारिस समेतका आधारमा आयोगले शिक्षण संस्थालाई सम्बन्धन दिन सम्बन्धित विश्वविद्यालयलाई सिफारिस गर्न सक्नेछ।

९. **सम्बन्धन खारेजीः** (१) ऐनको दफा १४ को उपदफा (१) को अवस्थाको कारण कुनै शिक्षण संस्था वा शैक्षिक कार्यक्रमको सम्बन्धन खारेज गर्नु पर्ने देखिएमा आयोगले त्यस्तो शिक्षण संस्थाको वा त्यस्तो संस्थाको एक वा एक भन्दा बढी शैक्षिक कार्यक्रम खारेजीका लागि सम्बन्धित विश्वविद्यालयलाई सिफारिस गर्नेछ।

(२) उपनियम (१) बमोजिम सिफारिस गर्नु अघि ऐनको दफा १४ को उपदफा (१) बमोजिमको अवस्था भए वा नभएको यकीन गर्न आवश्यक देखिएमा आयोगले आफैं वा सम्बन्धित विज्ञद्वारा जाँचबुझ गराउन सक्नेछ।

(३) सम्बन्धन खारेजी भएको शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूको अध्ययन पूरा गराउने दायित्व र अन्य आर्थिक दायित्व सम्बन्धन खारेज भएको शिक्षण संस्थाको हुनेछ।

(४) उपनियम (३) बमोजिमको दायित्व शिक्षण संस्थाले पूरा नगरेमा त्यस्तो दायित्व सो संस्थाका सञ्चालकहरूबाट व्यहोर्न लगाइनेछ।

[σ]९क. **प्राविधिक कार्यक्रम स्तरोन्नति (अपग्रेड) गर्ने वा हटाउने (फेजआउट)ः** (१) आयोगले देहायको आधारमा परिषद् अन्तर्गत सञ्चालित प्रमाणपत्र तहभन्दा मुनिको स्वास्थ्य शिक्षा सम्बन्धी प्राविधिक कार्यक्रमको स्तरोन्नति गर्नेछः-

---

σ पहिलो संशोधनद्वारा थप।

(क) विगत दुई आर्थिक वर्षदेखि निरन्तर सञ्चालनमा रहेको,

तर प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्बाट स्वीकृति लिई कम्तीमा दुई वर्ष कार्यक्रम सञ्चालन नगरेको वा संस्था सञ्चालनको स्वीकृति प्रचलित कानून बमोजिम स्थगन वा रद्द भएको संस्थाको कार्यक्रम स्तरोन्नति गरिने छैन।

(ख) स्तरोन्नति गर्न चाहने संस्थाले परिषद्ले तोकेको प्रमाणपत्र तहको कार्यक्रम सञ्चालनका लागि चाहिने न्यूनतम मापदण्ड पूरा गरेको,

(ग) खण्ड (क) बमोजिम सञ्चालनमा रहेका दुई वा दुई भन्दा बढी संस्थाहरू प्रचलित कानून बमोजिम गाभिई (मर्ज भई) सञ्चालनमा रहेको।

(२) उपनियम (१) बमोजिम स्तरोन्नति नभएका परिषद् अन्तर्गत सञ्चालित प्रमाणपत्र तह भन्दा मुनिका स्वास्थ्य शिक्षा सम्बन्धी प्राविधिक कार्यक्रम हटाइनेछ।

## परिच्छेद-४

## सिट सङ्ख्या निर्धारण र एकीकृत प्रवेश परीक्षा

१०. **सिट सङ्ख्या निर्धारणः** (१) आयोगले प्रत्येक शैक्षिक सत्रका लागि एकीकृत प्रवेश परीक्षा सञ्चालन हुनु अगावै चिकित्सा शिक्षा सम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान र अन्य शिक्षण संस्थाको तहगत र विषयगत सिट सङ्ख्या निर्धारण गर्नेछ।

(२) उपनियम (१) बमोजिम सिट सङ्ख्या निर्धारण गर्ने प्रयोजनको लागि समितिले विज्ञ समेत रहेको अध्ययन टोली गठन गर्नेछ।

(३) उपनियम (२) बमोजिम गठित अध्ययन टोलीले सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान र अन्य शिक्षण संस्थाको स्थलगत अध्ययन गरी अनुसूची-४ बमोजिमको रूजु सूची फाराम प्रयोग गरी विवरण सङ्कलन गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम अध्ययन टोलीले विवरण सङ्कलन गर्दा प्रत्येक शिक्षण संस्थाले विदेशी विद्यार्थीको लागि छुट्याउने सिट सङ्ख्या सम्बन्धी विवरण समेत सङ्कलन गर्नु पर्नेछ।

(५) उपनियम (३) र (४) बमोजिमको विवरण समेतको आधारमा अध्ययन टोलीले विश्वविद्यालय, प्रतिष्ठान र अन्य शिक्षण संस्थाको सिट सङ्ख्या निर्धारणका लागि समितिमा प्रतिवेदन पेश गर्नेछ।

नेपाल कानून आयोग

(६) उपनियम (५) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा समितिले सिट बाँडफाँड सम्बन्धी मापदण्ड तयार गरी आयोगमा सिफारिस गर्नेछ र आयोगले समितिबाट सिफारिस भएको मापदण्ड स्वीकृत गरी विश्वविद्यालय, प्रतिष्ठान र अन्य शिक्षण संस्थाको सिट सङ्ख्या निर्धारण गर्नेछ।

[σ]१०क. **परामर्श गर्नु पर्ने:** नियम १० बमोजिम सार्वजनिक शिक्षण संस्थामा स्नातकोत्तर तहको अध्ययनका लागि विषयगत सिट सङ्ख्या निर्धारण गर्दा आयोगले नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग परामर्श गर्नु पर्नेछ।

**११. विदेशी विद्यार्थीका लागि सिट निर्धारण:** (१) सार्वजनिक शिक्षण संस्थाले स्नातक तहको कूल सिटको पचहत्तर प्रतिशत सिट ऐनको दफा १७ को उपदफा (७) बमोजिम छात्रवृत्तिका लागि छुट्याई बाँकी रहेको पच्चीस प्रतिशत सिटलाई शतप्रतिशत कायम गरी त्यसको एक तिहाई सिट विदेशी विद्यार्थीको लागि छुट्याउनु पर्नेछ।

(२) ऐनको दफा १७ को उपदफा (४) बमोजिम नेपाल सरकारलाई नि:शुल्क छात्रवृत्ति उपलब्ध गराउने शिक्षण संस्थाले कुल सिट सङ्ख्याको एक तिहाई सिटसम्म र ऐनको दफा १७ को उपदफा (६) बमोजिम नेपाल सरकारलाई बीस प्रतिशत नि:शुल्क छात्रवृत्ति उपलब्ध गराउने स्वदेशी शिक्षण संस्थाले कुल सिट सङ्ख्याको पचास प्रतिशतसम्म सिट विदेशी विद्यार्थीको लागि छुट्याउन सक्नेछ।

(३) ऐन तथा यस नियमावली बमोजिम नेपाली विद्यार्थीको लागि छुट्याईएको सिटमा नेपाली विद्यार्थी भर्ना नभएमा त्यस्तो सिटमा विदेशी विद्यार्थी भर्ना गर्न सकिनेछ।

**१२. एकीकृत प्रवेश परीक्षा सञ्चालन हुने:** (१) स्वदेश वा विदेशमा चिकित्सा शिक्षाका स्नातक तह, स्नातकोत्तर तह र सो भन्दा माथिल्लो तहको कार्यक्रममा अध्ययनका लागि भर्ना हुन चाहने विद्यार्थीको लागि खुला प्रतियोगिताद्वारा एकीकृत प्रवेश परीक्षा सञ्चालन हुनेछ।

(२) उपनियम (१) बमोजिमको परीक्षा समान तहका लागि एकै पटक वा फरक फरक समय र दिनमा सञ्चालन गर्न सकिनेछ।

---

σ पहिलो संशोधनद्वारा थप।

तर समान तहको एउटै विषयको परीक्षा एकै दिन र एकै समयमा सञ्चालन गर्नु पर्नेछ।

)३ (एकीकृत प्रवेश परीक्षाको विषयगत पाठ्यक्रम, पाठ्यभार, न्यूनतम योग्यता, उत्तीर्णाङ्क ,नतिजा प्रकाशन तथा परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

)४ (विदेशी विद्यार्थीको हकमा ऐनको दफा १६ को उपदफा )२ (का अतिरिक्त अन्य कुराहरू आयोगले तोके बमोजिम हुनेछ।

**१३. <u>योग्यताक्रमको सूची प्रकाशन गर्ने</u>:** (१) आयोगले एकीकृत प्रवेश परीक्षाबाट उत्तीर्ण उम्मेदवारहरूको एकीकृत योग्यताक्रमको सूची, खुला तर्फको योग्यताक्रमको सूची र आरक्षण तर्फको समूहगत योग्यताक्रमको सूची प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको आरक्षण तर्फको योग्यताक्रमको सूची प्रकाशन गर्दा सामुदायिक विद्यालय तर्फको आरक्षणको समूहगत योग्यताक्रमको सूची र अन्य विद्यालय तर्फको आरक्षणको समूहगत योग्यताक्रमको सूची प्रकाशन गर्नु पर्नेछ।

**१४. <u>एकीकृत प्रवेश परीक्षा समिति:</u>** (१) एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्ने प्रयोजनको लागि परीक्षा निर्देशनालय अन्तर्गत रही काम गर्न देहाय बमोजिमको एक चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समिति रहनेछः-

(क) निर्देशक, परीक्षा निर्देशनालय, आयोग - अध्यक्ष

(ख) चिकित्सा शिक्षा सञ्चालन गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका डीनहरुमध्ये समितिबाट मनोनीत चार जना - सदस्य

(ग) विश्वविद्यालय वा प्रतिष्ठानमा परीक्षा सम्बन्धी अनुभव हासिल गरेका विज्ञहरुमध्ये समितिबाट मनोनीत एकजना - सदस्य

(घ) वरिष्ठ अधिकृत, परीक्षा निर्देशनालय, आयोग - सदस्य-सचिव

(२) चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१५. <u>सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने:</u>** चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समितिले [χ]............... देहायका विवरण खुलाई राष्ट्रियस्तरको दैनिक पत्रिका र आयोगको वेबसाइट मार्फत सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नु पर्नेछः-

(क) प्रवेश परीक्षामा उम्मेदवार हुन चाहिने न्यूनतम योग्यता,

(ख) परीक्षा दस्तुर,

(ग) विषयगत सिट सङ्ख्या,

(घ) आवेदन दिने दरखास्तको ढाँचा,

(ङ) परीक्षाको किसिम,

(च) परीक्षा सम्बन्धी अन्य आवश्यक विषय।

**१६. <u>दुर्गम क्षेत्रमा सेवा गरे वापतको अङ्कभारः</u>** [ϕ](१) स्नातकोत्तर तहको लागि लिएको एकीकृत प्रवेश परीक्षामा सरकारी चिकित्सकले प्राप्त गरेको अङ्कमा देहाय बमोजिम अनुभव र दुर्गम क्षेत्रमा काम गरे बापतको अधिकतम दश अङ्क जोडी कुल प्राप्ताङ्क कायम गरी योग्यताक्रमको सूची कायम गरिनेछः-

(क) अनुभव बापत प्रति वर्ष दुई अङ्कका दरले बढीमा चार अङ्क,

(ख) दुर्गम क्षेत्रमा काम गरे वापत छ अङ्कमा नबढ्ने गरी अनुसूची -५ मा उल्लेख भए बमोजिमको अङ्क।

<u>स्पष्टीकरण:</u> यस नियमको प्रयोजनको लागि "सरकारी चिकित्सक" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको नेपाल स्वास्थ्य सेवाको स्थायी पदमा कार्यरत चिकित्सक, सैनिक प्राविधिक सेवाको सैनिक स्वास्थ्य समूह, प्रहरी सेवाको प्राविधिक प्रहरी समूह अन्तर्गतको स्वास्थ्य उपसमूह वा सशस्त्र प्रहरी सेवाको प्राविधिक समूह अन्तर्गतको स्वास्थ्य उपसमूहको स्थायी पदमा कार्यरत चिकित्सक, [♫]<u>सरकारी विश्वविद्यालय वा प्रचलित कानून बमोजिम स्थापित प्रतिष्ठानको स्थायी पदमा स्थायी रुपमा कार्यरत चिकित्सक, विकास समिति ऐन, २०१३ बमोजिम गठित संस्थाको स्थायी पदमा लोकसेवा आयोगले निर्धारण गरेको प्रक्रिया पुरा गरी नियुक्ति पाई स्थायी रुपले कार्यरत चिकित्सक,</u> नेपाल स्वास्थ्य सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भई वा प्रदेश लोकसेवा आयोगबाट स्थायी

---

χ पहिलो संशोधनद्वारा झिकिएको।

ϕ पहिलो संशोधनद्वारा संशोधित।

♫ दोस्रो संशोधनद्वारा थप।

नियुक्ति पाई प्रदेश सरकार वा स्थानीय तहको स्थायी पदमा कार्यरत चिकित्सक सम्झनु पर्छ।

(२) उपनियम (१) बमोजिमको अङ्क गणना गर्दा एक वर्षभन्दा बढी अवधि सेवा गरेको भएमा चानचुन अवधिको दामासाहीले हुन आउने अङ्क समेत गणना गरिनेछ।

[ϕ]१७. **स्नातकोत्तर तहमा विद्यार्थी छनौटः** (१) स्नातकोत्तर तह अध्ययनको लागि सार्वजनिक शिक्षण संस्थामा देहायको समूहबाट देहाय बमोजिमको सिटमा विद्यार्थी छनौट गरिनेछः-

(क) खुला प्रतियोगिताबाट - साठी प्रतिशत

(ख) सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीबाट - तीस प्रतिशत

(ग) विदेशी विद्यार्थीबाट - दश प्रतिशत

**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि “सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मी” भन्नाले प्रचलित कानून बमोजिम गठन भएको नेपाल स्वास्थ्य सेवाको स्थायी पदमा कार्यरत, सैनिक प्राविधिक सेवाको सैनिक स्वास्थ्य समूह, प्रहरी सेवाको प्राविधिक प्रहरी समूह अन्तर्गतको स्वास्थ्य उपसमूह वा सशस्त्र प्रहरी सेवाको प्राविधिक समूह अन्तर्गतको स्वास्थ्य उपसमूहको स्थायी पदमा कार्यरत, [♫]सरकारी विश्वविद्यालय वा प्रचलित कानून बमोजिम स्थापित प्रतिष्ठानको स्थायी पदमा स्थायी रुपमा कार्यरत, विकास समिति ऐन, २०१३ बमोजिम गठित संस्थाको स्थायी पदमा लोकसेवा आयोगले निर्धारण गरेको प्रक्रिया पुरा गरी नियुक्ति पाई स्थायी रुपले कार्यरत वा, नेपाल स्वास्थ्य सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भई वा प्रदेश लोकसेवा आयोगबाट स्थायी नियुक्ति पाई प्रदेश सरकार वा स्थानीय तहको स्थायी पदमा कार्यरत स्वास्थ्यकर्मी सम्झनु पर्छ।

(२) यस नियम बमोजिम सार्वजनिक शिक्षण संस्थामा भर्ना लिँदा नियम १३ बमोजिमको एकीकृत योग्यताक्रमको सूचीमा परेका सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीलाई योग्यताक्रमका आधारमा प्राथमिकता दिई उपनियम (१) को खण्ड (ख) मा उल्लिखित सिट सङ्ख्याको अधीनमा रही भर्ना गर्नु पर्नेछ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिमको सिटमा आवश्यक सङ्ख्यामा सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मी छनौट हुन नसकेमा त्यस्तो सिट सोही उपनियमको खण्ड (क) बमोजिम खुल्ला प्रतियोगिताबाट छनौट गरिने सिट सङ्ख्यामा समावेश हुनेछ।

---

ϕ पहिलो संशोधनद्वारा संशोधित।

♫ दोस्रो संशोधनद्वारा थप।



नेपाल कानून आयोग

♫(३क) सार्वजनिक शिक्षण संस्थामा स्नातकोतर तहमा अध्ययन गरन चाहने सरकारी चिकित्सक वा सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीले त्यस्तो तहमा अध्ययन गरनको लागि नेपाल सरकार, स्वास्थ्य तता जनसङ्ख्या मन्त्रालयबाट अध्ययन अनुमति लिई दरखास्त साथ पेश गर्नु पर्नेछ।

(४) सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीले सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा निजी प्रयासमा स्वदेशी शिक्षण संस्थामा अध्ययन गर्न चाहेमा निजले सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम पूर्व स्वीकृति लिई नियम १२ बमोजिम सञ्चालन हुने एकीकृत प्रवेश परीक्षाको दरखास्त फाराम भर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीले एकीकृत प्रवेश परीक्षा उत्तीर्ण गरी उपनियम (१) को खण्ड (क) बमोजिमको सिटमा योग्यताक्रमको आधारमा अध्ययन गर्न पाउने भएमा निजले सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम अध्ययन विदा स्वीकृति गराई सम्बन्धित शिक्षण संस्थामा भर्ना हुन सक्नेछ।

(६) उपनियम (१) को खण्ड (ख) बमोजिमको सिटमा आवेदन गर्न चाहने योग्यता पुगेका सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीबाट आवेदन लिई प्रत्येक वर्ष एकीकृत प्रवेश परीक्षा हुनु अगावै आयोगले तोकेको अवधिभित्र सोको सूची सेवा समूह सञ्चालन गर्ने नेपाल सरकारको सम्बन्धित मन्त्रालय वा प्रदेश वा स्थानीय तहको हकमा सम्बन्धित प्रदेश वा स्थानीय तहले आयोगलाई उपलब्ध गराउनु पर्नेछ।

(७) सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मी छनौट भई सम्बन्धित सार्वजनिक शिक्षण संस्थामा भर्ना भई बिचैमा अध्ययन छाडेमा वा छनौट भएको विषयमा भर्ना नभएको कारण त्यस्तो सिट सो वर्ष खाली हुन गएमा त्यस्तो स्वास्थ्यकर्मी नियम १२ बमोजिम सञ्चालन हुने एकीकृत प्रवेश परीक्षामा आगामी दुई वर्षसम्म सहभागी हुन पाउने छैन।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी शिक्षण संस्थामा स्नातकोत्तर तह अध्ययनको लागि विद्यार्थी छनौट गर्ने सम्बन्धी व्यवस्था ऐन तथा यस नियमावलीको प्रतिकूल नहुने गरी आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(९) ऐनको दफा १७ को उपदफा (४) बमोजिम निजी शिक्षण संस्थाले स्नातकोत्तर तहमा उपलब्ध गराएको छात्रवृत्ति सिटमा खुला तर्फको एकीकृत योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारबाट छनौट गरिनेछ।

---

♫ दोस्रो संशोधनद्वारा थप।

(१०) विदेशी मुलुक वा शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो भन्दा माथिको तहमा अध्ययनका लागि नेपाल सरकारलाई प्राप्त हुने छात्रवृत्ति सिटमा नियम १६ को उपनियम (१) बमोजिमको सरकारी चिकित्सकबाट छनौट गरिनेछ।

(११) नेपाल सरकार र विदेशी मुलुकको सरकार बीच भएको सम्झौता बमोजिम कुनै विदेशी विद्यार्थीलाई अध्ययनको लागि सिट उपलब्ध गराउनु पर्ने भएमा स्नातक तहको हकमा नेपाल सरकारलाई प्राप्त हुने छात्रवृत्ति तर्फको सिटबाट र स्नातकोत्तर तहको हकमा उपनियम (१) को खण्ड (ख) बमोजिमको सिटबाट उपलब्ध गराउनु पर्नेछ।

[σ]१७क. **<u>सिट सङ्ख्या निर्धारण तथा विद्यार्थी छनौट सम्बन्धी विशेष व्यवस्था</u>:** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक कल्याणकारी कोष नियमावली, २०६५ बमोजिम स्थापना भएको कल्याणकारी कोष अन्तर्गत सञ्चालित सार्वजनिक शिक्षण संस्थाको स्नातक तहमा विद्यार्थी छनौट तथा भर्ना गर्दा त्यस्तो शिक्षण संस्थाको कूल सिट सङ्ख्याको उनन्चास प्रतिशत सिटमा नेपाली सेनाका बहालवाला तथा भूतपूर्व सैनिक व्यक्तिको सन्तानमध्येबाट आयोगले निर्धारण गरेको योग्यताक्रमको आधारमा गरिनेछ।

(२) उपनियम (१) बमोजिम छुट्याई बाँकी रहेको एकाउन्न प्रतिशत सिटलाई शतप्रतिशत मानी सोको बाँडफाँड गर्दा नियम १७ को उपनियम (१) बमोजिम सार्वजनिक शिक्षण संस्था सरह गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम छुट्याइएको सिटमा छनौट तथा भर्ना हुने प्रयोजनको लागि उम्मेदवारले आयोगबाट सञ्चालन हुने एकीकृत प्रवेश परीक्षाको दरखास्त फारामसाथ त्यस्तो उम्मेदवार सोही उपनियम बमोजिम छनौट तथा भर्ना हुन योग्य रहेको भनी सम्बन्धित निकाय वा कार्यालयले गरिदिएको सिफारिस समेत पेश गर्नु पर्नेछ।

(४) उपनियम (१) को प्रयोजनको लागि आयोगले उम्मेदवारको योग्यताक्रमको छुट्टै सूची प्रकाशन गर्नेछ। त्यसरी प्रकाशित सूचीको योग्यताक्रमको आधारमा सम्बन्धित शिक्षण संस्थाले भर्ना गर्नु पर्नेछ।

(५) उपनियम (१) बमोजिम छुट्याइएको सिटमा आवश्यक सङ्ख्यामा विद्यार्थी छनौट हुन नसकेमा त्यस्तो सिट उपनियम (२) बमोजिमको सिटमा समावेश हुनेछ।

---

σ पहिलो संशोधनद्वारा थप।

## परिच्छेद-५

## विद्यार्थी भर्ना, शुल्क निर्धारण तथा छात्रवृत्ति

१८. **विद्यार्थी भर्नाः** एकीकृत प्रवेश परीक्षा उत्तीर्ण परिक्षार्थीहरूको नियम १३ बमोजिमको योग्यताक्रममा रहेका उम्मेदवारहरुमध्ये माथिल्लो योग्यताक्रममा रहेका उम्मेदवारले प्राथमिकता दिएको शिक्षण संस्था वा विषयमा भर्नाका लागि प्राथमिकता पाउने गरी आयोगले निर्धारण गरेको म्याचिङ्ग प्रणालीद्वारा विद्यार्थी भर्ना गरिनेछ।

१९. **योग्यताक्रम मान्य रहने अवधिः** (१) एकीकृत प्रवेश परीक्षाबाट कायम भएको योग्यताक्रम एक वर्षसम्म कायम रहनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो योग्यताक्रम कुनै विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थाको एक शैक्षिक सत्रभन्दा बढी अवधिका लागि उपयोग गरिने छैन।

२०. **छात्रवृत्तिः** (१) ऐनको दफा १७ को उपदफा (४), (६) र (७) तथा स्वदेश तथा विदेशबाट नेपाल सरकारलाई स्नातक तहको लागि प्राप्त हुने कूल छात्रवृत्ति सिटमध्ये पचपन्न प्रतिशत सिट खुला प्रतियोगिताबाट कायम भएको योग्यताक्रमबाट र पैंतालीस प्रतिशत सिट उपनियम (२) बमोजिमका समुदाय तथा व्यक्तिका लागि आरक्षित योग्यताक्रमबाट छनौट गरिनेछ।

(२) उपनियम (१) बमोजिम आरक्षित पैंतालीस प्रतिशत सिटलाई शत प्रतिशत कायम गरी देहायको प्रतिशतका आधारमा छात्रवृत्ति सिट वितरण गरिनेछः-

| | |
|---|---|
| (क) महिला | -तेत्तीस प्रतिशत, |
| (ख) दलित | - नौ प्रतिशत, |
| (ग) आदिवासी जनजाति | - पन्ध्र प्रतिशत, |
| (घ) खस आर्य | - सत्र प्रतिशत, |
| (ङ) मधेशी | - बाह्र प्रतिशत, |
| (च) थारू | - चार प्रतिशत, |
| (छ) मुस्लिम | - दुई प्रतिशत, |
| (ज) पिछडिएको क्षेत्रका व्यक्ति | - चार प्रतिशत |
| (झ) अपाङ्गगता भएको व्यक्ति | - दुई प्रतिशत, |

(ञ) शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित - दुई प्रतिशत,

(३) उपनियम (२) को खण्ड (क) बमोजिम महिलाका लागि छुट्याइएको तेत्तीस प्रतिशत सिटमध्ये तीन प्रतिशत सिट दलित समुदायका महिला र दुई प्रतिशत सिट मुस्लिम समुदायका महिलाको लागि छुट्याइनेछ।

(४) उपनियम (२) को खण्ड (ङ) बमोजिम मधेशी समुदायका लागि छुट्याइने बाह्र प्रतिशत सिटमध्ये तीन प्रतिशत मधेशी दलित समुदायका व्यक्तिलाई छुट्याइनेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आरक्षण गरिएको सिटमा सामुदायिक विद्यालयबाट कक्षा छ देखि माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा (एसईई) उत्तीर्ण गरेका उम्मेदवार नभएमा नेपालभित्रका अन्य विद्यालयबाट माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा उत्तीर्ण गरेका सोही समुदायका उम्मेदवारलाई छनौट गरिनेछ।

(६) उपनियम (३) बमोजिम दलित समुदायका महिला र मुस्लिम समुदायका महिलाको लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका महिला उपलब्ध नभएमा त्यस्तो सिटमा अन्य समुदायका महिलालाई छनौट गरिनेछ।

(७) उपनियम (४) बमोजिम मधेशी दलित समुदायको लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका व्यक्ति उपलब्ध नभएमा त्यस्तो सिटमा मधेशी समुदायका अन्य व्यक्तिलाई छनौट गरिनेछ।

(८) यस नियम बमोजिम प्रतिशत निर्धारण गर्दा दशमलव पछि अङ्क आएमा देहाय बमोजिम गरिनेछ :-

(क) दशमलव भन्दापछि आएको अङ्क मध्ये सबैभन्दा बढी अङ्क ल्याउनेलाई एक सिट थप गर्ने,

(ख) दशमलव पछिको अङ्क बराबर भएमा खुला योग्यताक्रममा अगाडि रहेको उम्मेदवार भएको समुदायलाई एक सिट थप गर्ने।

**उदाहरणको लागि:** प्रतिशत निर्धारण गर्दा महिला तर्फ ५.५ प्रतिशत र अपाङ्गता भएको व्यक्ति तर्फ ५.२ प्रतिशत हुन आएमा महिला तर्फ ६ सिट र अपाङ्गता भएका व्यक्ति तर्फ ५ सिट कायम गरिनेछ। महिला तर्फ ५.५ प्रतिशत र अपाङ्गता भएका व्यक्तितर्फ ५.५ प्रतिशत हुन आएमा खुला योग्यताक्रममा जुन समुदायको व्यक्तिको नाम अगाडि रहेको छ, सोही समुदायका लागि एक सिट थप गरिनेछ।

(९) यस नियम बमोजिम विदेशी मुलुक वा शिक्षण संस्थाबाट प्राप्त छात्रवृत्तिमा उम्मेदवार छनौट गर्दा सम्भव भएसम्म खुला तथा आरक्षित समूह दुबै तर्फका उम्मेदवार छनौट गरिनेछ।

(१०) यस नियम बमोजिम कुनै वर्ष खुला वा आरक्षित कुनै समूहको लागि उपनियम (९) बमोजिम दशमलव पछिको अङ्क नपुग भएको कारण सिट नछुट्टिएमा सो वर्षको सो समूहको अङ्कलाई अर्को वर्षमा जोडिनेछ।

(११) कुनै समूहको लागि छुट्याइएको सिटमा सो समूहको दरखास्त पर्न नआएमा वा उम्मेदवार छनौट हुन नसकेमा त्यस्तो समूहलाई छुट्याइएको सिट स्वत: खुला समूहमा सर्नेछ।

२१. **<u>सिफारिस पेश गर्नु पर्ने</u>**: (१) आरक्षित समूहमा उम्मेदवार हुन चाहने व्यक्तिले आफू सो समूहको भएको व्यहोरा प्रमाणित हुने गरी देहायका निकायबाट गरिएको सिफारिस दरखास्त साथ पेश गर्नु पर्नेछ:-

(क) शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित समूहका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(ख) अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम र पिछडिएको क्षेत्रका व्यक्तिले सम्बन्धित स्थानीय तहबाट,

(ग) सामुदायिक विद्यालयमा अध्ययन गरेको व्यक्तिले सामुदायिक विद्यालयमा अध्ययन गरेको पुष्टि हुने सम्बन्धित विद्यालयको प्रमाणपत्र सहित स्थानीय तहबाट।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम पिछडिएको क्षेत्रका व्यक्तिले सम्बन्धित स्थानीय तहको सिफारिस पेश गर्दा दरखास्त दिँदाका बखत निज सोही स्थानमा स्थायी बसोबास गरेको भनी प्रमाणित गरेको हुनु पर्नेछ र त्यस्तो व्यक्तिले सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।

(३) घाइते वा अपाङ्गता भएका व्यक्तिले उपनियम (१) को खण्ड (क) र (ख) बमोजिमको सिफारिसको अतिरिक्त दर्तावाल चिकित्सकबाट निज सो विषय अध्ययन गर्न सक्षम भएको व्यहोरा सहितको सिफारिस दरखास्त साथ पेश गर्नु पर्नेछ।

नेपाल कानून आयोग

२२. **कबुलियतनामाः** (१) छात्रवृत्तिमा छनौट भई स्नातक, स्नातकोत्तर र सोभन्दा माथिको तहमा अध्ययन वा तालीममा जाने विद्यार्थीले आफू अध्ययन वा तालीममा जानु पूर्व आयोगसँग अनुसूची -६ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले निरन्तर रुपमा अध्ययन गरे नगरेको र परीक्षामा प्राप्त गरेको नतिजाको विवरण सम्बन्धित शिक्षण संस्थाले वार्षिक रुपमा आयोगमा बुझाउनु पर्नेछ।

(३) शिक्षण संस्थाले छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको अध्ययन समाप्त भएको सात दिनभित्र उपनियम (२) बमोजिमको विवरण आयोगमा उपलब्ध गराउनु पर्नेछ।

(४) यो नियमावली प्रारम्भ हुनु पूर्व कुनै उम्मेदवारले शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय वा कुनै विश्वविद्यालय वा कुनै प्रतिष्ठानसँग कबुलियतनामा गरेको भए त्यस्तो कबुलियतनामा सो कबुलियतामामा उल्लिखित अवधिसम्म कायम रहनेछ।

(५) कुनै व्यक्ति छात्रवृत्तिमा मनोनयन भई अध्ययन गरी कबुलियतनामा बमोजिम सेवा गरिरहेको अवस्थामा कबुलियतनामा बमोजिम एक वर्ष भन्दा बढी सेवा अवधि पूरा भएपछि लोक सेवा आयोग वा अन्य कुनै सरकारी संस्थाबाट लिइने परीक्षामा उम्मेदवार हुन सक्नेछ।

[σ]तर स्नातकोत्तर र सो भन्दा माथिको तहमा अध्ययनका लागि लिइने एकीकृत प्रवेश परीक्षामा सहभागी हुन ऐनको दफा ३८ को उपदफा (१) बमोजिमको अवधि भुक्तान भएको हुनु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको उम्मेदवार त्यस्तो परीक्षामा उत्तीर्ण भई सरकारी सेवामा बहाल भएमा त्यस्तो सेवामा गरेको सेवा अवधि कबुलियतनामा बमोजिमको सेवामा जोडिनेछ।

२३. **शुल्क निर्धारणः** (१) आयोगले समितिको सिफारिसमा चिकित्सा शिक्षाका सबै विधा र कार्यक्रमका लागि शिक्षण शुल्क निर्धारण गर्नेछ।

(२) ऐनको दफा १८ को उपदफा (२) को खण्ड (ग) बमोजिम नर्सिङ्, आयुर्वेद लगायत अन्य चिकित्सा शिक्षा विधाका विषयहरुमा लिइने शुल्क सम्बन्धित शिक्षण संस्थाको परामर्शमा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

---

σ पहिलो संशोधनद्वारा थप।

## परिच्छेद–६

## पाठ्यक्रम, प्रत्यायन र शिक्षण विधि

२४. **पाठ्यक्रम, शिक्षण विधि र उपाधिः** चिकित्सा शिक्षाका विभिन्न तह र विषयको मूल पाठ्यक्रम, शिक्षण विधि र उपाधि सम्बन्धी आयोगले स्वीकृत गरेको मापदण्डको अधीनमा रही विश्वविद्यालय वा प्रतिष्ठानले आफ्नो पाठ्यक्रम, शिक्षण विधि र उपाधि निर्धारण गर्नु पर्नेछ।

२५. **प्रत्यायनः** (१) ऐनको दफा १५ को उपदफा (१) बमोजिम प्रत्यायन सम्बन्धी कार्य गर्नका लागि छुट्टै निकाय गठन नभएसम्म प्रत्यायन सम्बन्धी काम मापदण्ड तथा प्रत्यायन निर्देशनालयले गर्नेछ र सो निर्देशनालयलाई प्रत्यायन सम्बन्धी कार्यमा सहयोग पुर्‍याउन देहाय बमोजिमको चिकित्सा शिक्षा प्रत्यायन समितिको गठन हुनेछः-

(क) निर्देशक, मापदण्ड तथा प्रत्यायन निर्देशनालय - संयोजक

(ख) रजिष्ट्रार, नेपाल मेडिकल काउन्सिल - सदस्य

(ग) विश्वविद्यालयका डीनहरूमध्ये समितिबाट मनोनीत एक जना - सदस्य

(घ) प्रतिष्ठानका डीनहरूमध्ये समितिबाट मनोनीत एक जना - सदस्य

(ङ) नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ परिषद् लगायतका पेशागत व्यावसायिक परिषद्का अध्यक्षहरूमध्ये समितिबाट मनोनीत एक जना - सदस्य

(च) महाशाखा प्रमुख (प्रत्यायन हेर्ने), विश्वविद्यालय अनुदान आयोग - सदस्य

(छ) वरिष्ठ अधिकृत, मापदण्ड तथा प्रत्यायन निर्देशनालय - सदस्य-सचिव

(२) शिक्षण संस्थाले आफूले सञ्चालन गर्ने शैक्षिक कार्यक्रमहरूको प्रत्यायन गराउन चाहेमा अनुसूची-७ बमोजिमको ढाँचामा मापदण्ड तथा प्रत्यायन निर्देशनालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिने संस्थाले ऐन बमोजिमका मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा उपनियम (१) बमोजिमको समिति आफैंले वा सम्बन्धित

विषयका विज्ञहरूबाट अध्ययन गराउन तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्न वा गराउन सक्नेछ।

(४) उपनियम (३) बमोजिमको अध्ययनबाट निवेदन दिने शिक्षण संस्थाको कार्यक्रमलाई प्रत्यायन गर्न मनासिब देखिएमा चिकित्सा शिक्षा प्रत्यायन समितिले त्यस्तो शैक्षिक कार्यक्रम प्रत्यायन गर्न मापदण्ड तथा प्रत्यायन निर्देशनालयलाई सिफारिस गर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त सिफारिसका आधारमा मापदण्ड तथा प्रत्यायन निर्देशनालयले सम्बन्धित शिक्षण संस्थाको कुनै एक वा एक भन्दा बढी शैक्षिक कार्यक्रमलाई प्रत्यायन गर्न सक्नेछ।

(६) यस नियम बमोजिम प्रत्यायन गरिएको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाले त्यस्तो कार्यक्रम ऐन, यस नियम तथा प्रचलित कानून विपरीत सञ्चालन गरेको पाइएमा मापदण्ड तथा प्रत्यायन निर्देशनालयले त्यस्तो प्रत्यायन जुनसुकै बखत रद्द गर्न सक्नेछ।

तर त्यसरी प्रत्यायन रद्द गर्नु अघि सम्बन्धित शिक्षण संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

## परिच्छेद-७

## सङ्गठन संरचना तथा कार्यक्षेत्र

२६. **निर्देशनालयको गठन:** (१) ऐनको दफा २८ को उपदफा (२) बमोजिम निर्देशक प्रमुख रहने गरी निर्देशनालय तथा वोर्डको गठन हुनेछ।

(२) निर्देशनालय तथा वोर्डको सङ्गठन संरचना र सो सम्बन्धी अन्य व्यवस्था आयोगले स्वीकृत गरे बमोजिम हुनेछ।

२७. **मापदण्ड तथा प्रत्यायन निर्देशनालयको काम, कर्तव्य र अधिकार:** ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मापदण्ड तथा प्रत्यायन निर्देशनालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) शिक्षण संस्था स्थापना तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक पूर्वाधारको न्यूनतम मापदण्ड तयार गर्ने,

(ख) शिक्षकको योग्यता सम्बन्धी न्यूनतम मापदण्ड तयार गर्ने,

(ग) शिक्षण विधि र प्रविधि सम्बन्धी कार्य गर्ने,

(घ) चिकित्सा शिक्षाको गुणस्तर मूल्याङ्कनको मापदण्ड तयार गर्ने,

(ङ) चिकित्सा शिक्षा सञ्चालन गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका कार्यक्रमको प्रत्यायन सम्बन्धी कार्य गर्ने,

(च) चिकित्सा शिक्षा क्षेत्रका संस्था, पाठ्यक्रम, गुणस्तर लगायतको मापदण्ड तयार गर्ने,

(छ) विदेशमा अध्ययन तथा फेलोसिप लगायत चिकित्सा शिक्षाको उच्चस्तरीय तालीममा जान चाहने व्यक्तिलाई अनुमतिपत्र दिने,

(ज) आयोग वा समितिको निर्णय कार्यान्वयन गर्ने।

२८. **योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयको काम, कर्तव्य र अधिकारः** योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको वार्षिक योजना तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्य गर्ने,

(ख) राष्ट्रिय स्वास्थ्य सेवा तथा चिकित्सा शिक्षा प्रणालीका लागि आवश्यक पर्ने जनशक्तिको आवधिक आँकलन, प्रक्षेपण तथा आपूर्तिको योजना सम्बन्धी कार्य गर्ने,

(ग) स्वीकृत योजना अनुसार चिकित्सा शिक्षा सम्बन्धी जनशक्ति आपूर्ति र उपयोगका लागि स्वास्थ्य संस्था तथा शिक्षण संस्थासँग समन्वय गर्ने,

(घ) चिकित्सा शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक अध्ययन, अनुसन्धान तथा प्रवर्द्धन सम्बन्धी कार्य गर्ने,

(ङ) चिकित्सा शिक्षाका लागि प्रयोग हुने सूचना प्रविधिको विकास तथा प्रयोग सम्बन्धी कार्य गर्ने,

(च) चिकित्सा शिक्षाको गुरुयोजना तर्जुमा गरी समितिमा पेश गर्ने,

(छ) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने वा गराउने,

(ज) आयोग तथा समितिको निर्णय कार्यान्वयन गर्ने।

२९. **परीक्षा निर्देशनालयको काम, कर्तव्य र अधिकारः** परीक्षा निर्देशनालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) चिकित्सा शिक्षा सम्बन्धी स्नातक, स्नातकोत्तर र सोभन्दा माथिको तहको एकीकृत प्रवेश परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने,

(ख) प्रवेश परीक्षा, विद्यार्थी भर्ना, विद्यार्थी मूल्याङ्कन र अन्तिम परीक्षा सम्बन्धी नीति तथा मापदण्ड तयार गरी समितिमा पेश गर्ने,

(ग) परीक्षा सम्बन्धी आवश्यक प्रविधि विकास गरी कार्यान्वयन गर्ने,

(घ) विद्यार्थी भर्नाका लागि म्याचिङ्ग प्रणालीको विकास तथा कार्यान्वयन गर्ने,

(ङ) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीसँग अध्ययन शर्त सम्बन्धी कबुलियतनामा गर्ने,

(च) एकीकृत वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गर्ने,

(छ) नेपालका शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विदेशी व्यक्तिका लागि विषयगत रूपमा न्यूनतम प्राप्ताङ्क निर्धारण सम्बन्धी कार्य गर्ने,

(ज) परीक्षा सञ्चालनका लागि आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(झ) आयोग तथा समितिको निर्णय कार्यान्वयन गर्ने।

३०. **नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको गठनः** (१) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको गठन देहाय बमोजिम हुनेछः-

(क) निर्देशक, नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज - अध्यक्ष

(ख) विश्वविद्यालय तथा प्रतिष्ठानका डीनहरुमध्ये समितिबाट मनोनीत दुई जना - सदस्य

(ग) रजिष्ट्रार, नेपाल मेडिकल काउन्सिल - सदस्य

(घ) चिकित्सा शिक्षाका ख्याति प्राप्त विज्ञहरूमध्ये समितिबाट मनोनीत एक जना महिला - सदस्य

(ङ) सहसचिव, स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय -सदस्य

(च) वरिष्ठ अधिकृत, नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज-सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (ख) र (घ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेमा वा जिम्मेवारी पूरा नगरेमा निजलाई समितिले जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) को खण्ड (ख) बमोजिमको सदस्य मनोनयन हुँदाको बखतको पदमा बहाल नरहेमा निजको पदावधि स्वतः समाप्त हुनेछ र रिक्त पदमा सोही खण्ड बमोजिमको प्रक्रिया अपनाई मनोनयन गरिनेछ।

३१. **नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको काम, कर्तव्य र अधिकारः** नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) चिकित्सा शिक्षाको क्लिनिकल विधामा स्पेसियालिटिजका नयाँ कार्यक्रम सम्बन्धी पाठ्यक्रमको तयारी सम्बन्धी कार्य गर्ने,

(ख) पूर्वाधार पूरा गरेका स्वास्थ्य संस्थामा स्पेसियालिटिजका कार्यक्रम सञ्चालन गर्ने,

(ग) क्लिनिकल विधामा स्पेसियालिटिजका नयाँ कार्यक्रम सम्बन्धी तालीम सञ्चालन गर्ने संस्था, फ्याकल्टीको पहिचान सम्बन्धी कार्य गर्ने,

(घ) स्पेसियालिटिजका क्लिनिकल विधामा अध्ययनका लागि सिट सङ्ख्या, फ्याकल्टी, सुपरभाइजर र सहभागीको सूची तयार गरी समितिमा पेश गर्ने,

(ङ) आयोगबाट निर्धारित मापदण्डको अधीनमा रही नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको परीक्षा सञ्चालन गर्ने वा गराउने,

(च) अनुगमन तथा मूल्याङ्कन पद्धति निर्माण र कार्यान्वयन गर्ने,

(छ) मेडिकल स्पेसियालिटिजका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग परामर्श गर्ने र सोको जानकारी समितिलाई गराउने,

(ज) आयोग वा समितिको निर्णय कार्यान्वयन गर्ने।

३२. **निर्देशकको काम, कर्तव्य र अधिकारः** (१) निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्देशनालय वा बोर्डको वार्षिक योजना तथा कार्यक्रम तयार गरी सदस्य-सचिव मार्फत समितिमा पेश गर्ने,

(ख) समितिबाट निर्णय हुनु पर्ने विषयमा प्रस्ताव तयार गरी समितिमा पेश गर्ने,

(ग) आयोग तथा समितिबाट भएका निर्णय कार्यान्वयनका लागि कार्यान्वयन योजना तयार गरी कार्यान्वयन गर्ने,

(घ) अनुगमन योजना तयार गरी कार्यान्वयन गर्ने,

(ङ) आयोग, समिति र उपाध्यक्षबाट प्रत्यायोजित अन्य काम गर्ने।

(२) निर्देशकको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

**३३. <u>सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः</u>** ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको सामान्य निर्देशन र नियन्त्रणमा रही सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने,

(ख) समितिबाट निर्णय हुनु पर्ने विषयको प्रस्ताव तयार गरी समितिमा पेश गर्ने,

(ग) आयोग तथा समितिबाट भएका निर्णयहरू कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने,

(घ) आयोगको कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने वा गराउने,

(ङ) आयोगको कार्य सञ्चालनमा आन्तरिक नियन्त्रण प्रणाली, सुशासन र जवाफदेहिता सम्बन्धी कार्यहरू गर्ने वा गराउने,

(च) आयोगको आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,

(छ) आयोगको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने र बेरुजु फछ्र्यौट तथा खर्च समर्थन सम्बन्धी कार्य गर्ने वा गराउने,

(ज) छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीको करार सेवा सम्बन्धी कार्य गर्ने,

(झ) नेपाल सरकारबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने,

(ञ) आयोग, समिति र उपाध्यक्षबाट प्रत्यायोजित अन्य काम गर्ने।

## परिच्छेद-८

## <u>संस्थागत जवाफदेहिता र शैक्षिक क्यालेण्डर</u>

**३४. <u>शिक्षण संस्थाको दायित्वः</u>** चिकित्सा शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाको दायित्व देहाय बमोजिम हुनेछ:-

(क) नेपाल सरकारका जिल्ला अस्पताल तथा अन्य अस्पताल समेत समेटेर पठन पाठन तथा सम्पूर्ण सेवाको उपयोगी सहजकर्ताको भूमिका निभाउने र सो कार्यका लागि अस्पतालको नजिक आफ्नो आवासीय भवन निर्माण गर्ने,

(ख) सामाजिक उत्तरदायित्वको रुपमा सबै क्षेत्रलाई समेट्ने गरी विशेषज्ञ सेवा सहितको निःशुल्क घुम्ती स्वास्थ्य सेवा सञ्चालन गर्ने,

(ग) चिकित्सा शिक्षा आयोगले तोकेको न्यूनतम मापदण्ड पूरा गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने र अस्पतालमा निर्धारित सिट क्षमता सहित गुणस्तरीय सेवा उपलब्ध गराउने,

(घ) प्रचलित कानून बमोजिम तोकिएका निःशुल्क शैयालाई पारदर्शी रुपमा प्रयोगमा ल्याउने,

(ङ) आफ्नो शिक्षण संस्थामा पढाई हुने विषयगत क्षेत्रमा विशेषज्ञ सेवा प्रदान गर्ने र आवश्यक उपकरणको व्यवस्था मिलाउने,

(च) आयोगले तोकेका सबै तह र विधाका मापदण्ड तथा शुल्कसम्बन्धी व्यवस्थालाई पूर्ण रुपमा पालना गर्ने,

(छ) मापदण्ड पूरा गर्न नसकी शिक्षण संस्था बन्द गर्नु पर्ने अवस्था आएमा बन्द हुनु पूर्व अध्ययनरत विद्यार्थीहरूको पढाई सम्बन्धित विश्वविद्यालयको समन्वयमा पूरा गराउने दायित्व निर्वाह गर्ने,

(ज) आयोगबाट माग भएको अवस्थामा आवश्यक पर्ने विशेषज्ञ सेवा सहितको जनशक्ति उपलब्ध गराउने,

(झ) सम्बन्धित शिक्षण संस्थाबाट उत्सर्जित फोहोरको समुचित व्यवस्थापन गरी वातावरण संरक्षण गर्ने,

(ञ) अनुसन्धानात्मक लेख सहितको कम्तीमा वर्षको एउटा जर्नल वार्षिक रुपमा प्रकाशन गर्ने,

(ट) विभागीय प्रमुख बाहेकका पदाधिकारी सम्मिलित सामाजिक परीक्षण समिति गठन गरी वार्षिक रुपमा सामाजिक परीक्षण गराई सोको प्रतिवेदन सार्वजनिक गर्ने।

३५. **शैक्षिक सत्र र शैक्षिक क्यालेण्डरः** (१) आयोगले विश्वविद्यालय, प्रतिष्ठान, परिषद् र शिक्षण संस्था समेतको समन्वयमा चिकित्सा शिक्षाका विभिन्न विधा र कार्यक्रमहरूको लागि शैक्षिक सत्र र एकीकृत वार्षिक शैक्षिक क्यालेण्डर निर्धारण गर्नेछ।

(२) उपनियम (१) बमोजिम निर्धारित शैक्षिक सत्र र एकीकृत वार्षिक शैक्षिक क्यालेण्डर बमोजिम विश्वविद्यालय, प्रतिष्ठान, परिषद् र शिक्षण संस्थाले आफ्ना कार्यक्रम मिलान गरी सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद-९

## पदाधिकारी, शिक्षक र विद्यार्थीको आचरण तथा आचारसंहिता

३६. **शिक्षण संस्था सञ्चालन गर्ने पदाधिकारीको आचरणः** (१) विश्वविद्यालय तथा प्रतिष्ठानका उपकुलपति, रजिष्ट्रार, रेक्टर, डीन, सहायक डीन र व्यवस्थापकको आचरण देहाय बमोजिम हुनेछः-

(क) शिक्षण संस्थामा लगानी गर्न नहुने,

(ख) शिक्षण संस्थाका पदाधिकारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्रमा प्रचलित कानूनले तोकेको ढाँचामा सम्पत्ति विवरण सम्बन्धित विश्वविद्यालय समक्ष बुझाउने र त्यस्तो विवरण विश्वविद्यालयले सुरक्षित राख्ने प्रबन्ध मिलाउने,

(ग) काम गरेको संस्था वा सो संस्थाको आधिकारिक निकायले जारी गरेको पेशागत आचारसंहिता पालना गर्ने।

(२) उपनियम (१) बमोजिमको आचरण पालना नगर्ने पदाधिकारीलाई समितिले ध्यानाकर्षण गराउन सक्नेछ।

(३) उपनियम (१) को खण्ड (क) विपरीत हुने गरी कुनै शिक्षण संस्था वा सार्वजनिक शिक्षण संस्थाका पदाधिकारीले अन्य कुनै शिक्षण संस्थामा लगानी गरेको भए शिक्षण संस्था वा नियमनकारी निकायले सो को जानकारी आयोगले तोके बमोजिमको ढाँचामा आयोगलाई दिनु पर्नेछ।

३७. **शिक्षक, प्रशिक्षक तथा कर्मचारीले पालना गर्नु पर्ने आचार संहिताः** चिकित्सा शिक्षा प्रदान गर्ने संस्थाका शिक्षक, प्रशिक्षक तथा कर्मचारीले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः-

(क) आफूलाई खटाएको शिक्षण संस्थामा मात्र काम गर्ने,

(ख) विद्यार्थीहरूलाई प्रयोगात्मक कार्य गराउँदा आफू स्वयं उपस्थित भई बिरामीको भावनामा नकारात्मक असर पुग्न नदिने,

(ग) विपद् वा आपातकालिन समयमा चिकित्सा सेवा प्रदान गर्न तयार रहने,

(घ) आफ्नो शिक्षण संस्थाको अस्पतालमा उपचारत बिरामीको उपचारको सम्बन्धमा बिरामीका आफन्तलाई जानकारी गराउने।

३८. **विद्यार्थीले पालना गर्नु पर्ने आचार संहिताः** विद्यार्थीले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः-

(क) अस्पतालमा आउने बिरामी प्रति जिम्मेवार भई आफ्नो सिकाई कार्य गर्ने,

(ख) विभिन्न उपकरण र औषधीजन्य सामग्रीको संरक्षण गर्ने,

(ग) स्वास्थसँग सम्बन्धित विषयमा सञ्चालन हुने शिविरहरूमा सकृय रूपमा भाग लिने,

(घ) सबैसँग शिष्ट र मर्यादित व्यवहार गर्ने,

(ङ) शिक्षण संस्थाले निर्धारण गरेका अन्य आचार संहिता पालना गर्ने।

## परिच्छेद-१०

## विविध

३९. **शिक्षण संस्था गाभिन सक्ने** : (१) आयोगले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै विश्वविद्यालय अन्तर्गतका दुई वा सो भन्दा बढी शिक्षण संस्था गाभिन चाहेमा सम्बन्धित विश्वविद्यालयले गाभ्न सक्नेछ।

(२) आयोगले स्वीकृत गरेको मापदण्ड बमोजिम फरक फरक विश्वविद्यालय अन्तर्गतका दुई वा सो भन्दा बढी शिक्षण संस्था एक अर्कोमा गाभिन चाहेमा आयोगले स्वीकृति दिन सक्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम कुनै शिक्षण संस्था अर्को शिक्षण संस्थामा गाभिएमा त्यसरी गाभिँएको शिक्षण संस्था र सो अन्तर्गतका सङ्काय, शिक्षक, कर्मचारी तथा विद्यार्थी गाभ्ने शिक्षण संस्थाको हुनेछ।

(४) यस नियम बमोजिम गाभिएको शिक्षण संस्थाको चल, अचल सम्पत्ति, ऋण तथा अन्य दायित्वको सम्बन्धमा त्यस्तो शिक्षण संस्था गाभिँदा कुनै सम्झौता भएको रहेछ

भने सोही बमोजिम र सम्झौता नभएको अवस्थामा त्यस्तो गाभ्ने शिक्षण संस्थामा स्वतः हस्तान्तरण हुनेछ।

४०. **<u>समुदायमूलक शिक्षा तथा चिकित्सा सेवा प्रदान गर्ने</u>:** (१) प्रत्येक विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण संस्थाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले तोकेको कम्तीमा एक जिल्लामा समुदायमूलक शिक्षा तथा चिकित्सा सेवा प्रदान गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको समुदायमूलक शिक्षा सञ्चालन गर्दा त्यस्तो विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण संस्थाले जनस्वास्थ्य, पोषण कार्यक्रम, सङ्क्रामक रोगको रोकथाम, आधारभूत स्वास्थ्य लगायतका विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको समुदायमा चिकित्सा सेवा प्रदान गर्दा त्यस्तो विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण संस्थाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले तोकेको आधारभूत स्वास्थ्य सेवा र विशेषज्ञ सहितको स्वास्थ्य सेवा सञ्चालन गर्नु पर्नेछ।

४१. **<u>अनुगमन</u>:** (१) समितिले चिकित्सा शिक्षाका कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थाको प्रशासनिक र प्राविधिक लगायतका विषयमा अनुगमन गर्न वा गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्न समितिले आवश्यकता अनुसार विज्ञ सहितको उपसमिति गठन गर्न सक्नेछ।

(३) अनुगमनमा जाने उपसमिति वा अनुगमनकर्ताले आयोगले निर्धारण गरेका अनुगमन साधनहरूको प्रयोग गर्नु पर्नेछ र अनुगमन समाप्त भएको सात दिनभित्र सो को लिखित प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनका आधारमा समितिले सम्बन्धित शिक्षण संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिमको निर्देशन पालना गर्नु सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थाका पदाधिकारीको कर्तव्य हुनेछ।

नेपाल कानून आयोग

४२. **शिक्षण संस्थाको वर्गीकरणः** (१) चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थालाई देहायको आधारमा "क","ख" र "ग" गरी तीन श्रेणीमा वर्गीकरण गरिनेछः-

(क) सिट सङ्ख्या र पढाई हुने विधा,

(ख) जनतालाई पुर्‍याएको सेवा,

(ग) भौतिक पूर्वाधार (जग्गा तथा भवन र फर्निचर),

(घ) जडित उपकरण र त्यसको पर्याप्तता,

(ङ) फ्याकल्टीको सङ्ख्या र योग्यता,

(च) निःशुल्क सेवा,

(छ) सञ्चालित होस्टलको अवस्था र खानाको प्रबन्ध,

(ज) अस्पतालका बेडको प्रयोगको अवस्था,

(झ) शिक्षण संस्थाले अनुसन्धानको क्षेत्रमा गरेको कार्य,

(ञ) सामाजिक दायित्व पूरा गरेको अवस्था।

(२) उपनियम (१) मा उल्लिखित पूर्वाधारहरूलाई मूल्याङ्कन गर्न आयोगले सूचकाङ्क र अङ्कभार सहितको मूल्याङ्कन निर्देशिका जारी गर्नेछ।

(३) आयोगले विज्ञ सम्मिलित टोलीद्वारा स्थलगत निरीक्षण अनुगमन गराई शैक्षिक संस्थाहरूको मूल्याङ्कन गर्नेछ।

(४) मूल्याङ्कनको अङ्कभार एकसय पूर्णाङ्कको हुनेछ र मूल्याङ्कनबाट नब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क पाउनेलाई “क” श्रेणी, असी देखी नब्बेसम्म अङ्क पाउनेलाई "ख" श्रेणी र सत्तरी देखि असी अङ्क पाउनेलाई “ग” श्रेणी कायम गर्नेछ।

(५) प्रत्येक शिक्षण संस्थाले आफ्नो संस्थाको स्वमूल्याङ्कन गरी त्यस्तो विवरण आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (१) बमोजिमको शिक्षण संस्था वर्गीकरण गरेको सूचना आयोगले सार्वजनिक गरी सम्बन्धित शिक्षण संस्थालाई श्रेणी खुलेको प्रमाणपत्र प्रदान गर्नेछ।

४३. **सार्वजनिक शिक्षण संस्थालाई एकमुष्ठ अनुदान दिनेः** सार्वजनिक शिक्षण संस्थाले छात्रवृत्तिमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन गराए बापत नेपाल सरकारले सार्वजनिक शिक्षण संस्थालाई एकमुष्ठ अनुदान उपलब्ध गराउनेछ।

४४. **चिकित्सा शिक्षाका तह, विषय र कार्यक्रमः** चिकित्सा शिक्षा अन्तर्गतका तह, विषय र कार्यक्रम अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ।

४५. **स्पोन्सरसिप बमोजिम हुनेः** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि कुनै विश्वविद्यालय, प्रतिष्ठान तथा अन्य शिक्षण संस्थामा कुनै संस्था वा व्यक्तिको स्पोन्सरसिपमा अध्ययन गरेका विद्यार्थीको हकमा सोही स्पोन्सरसिपमा उल्लेख भए बमोजिम हुनेछ।

४६. **अधिकार प्रत्यायोजन गर्न सक्ने:** आयोग र समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आयोगको कुनै पदाधिकारी वा मातहतको कुनै निकाय वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४७. **अनुसूचीमा हेरफेर वा थपघट:** शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ।

नेपाल कानून आयोग

## अनुसूची-१
### (नियम ६ को उपनियम (२) सँग सम्बन्धित)
### आशयपत्रका लागि दिने निवेदनको ढाँचा

मिति:

श्री चिकित्सा शिक्षा आयोग,

काठमाडौं।

विषय: आशयपत्र सम्बन्धमा।

............प्रदेश............जिल्ला....................महा/उप/नगर/गाउँपालिका............वडा नं........ स्थानमा ............................................................ विषयको शैक्षिक कार्यक्रम सञ्चालनका लागि शिक्षण संस्था स्थापनाको लागि आशयपत्र प्राप्त गर्न "राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७" मा उल्लिखित कागजात तथा विवरण, चार प्रति आर्थिक तथा प्राविधिक प्रस्ताव र निवेदन दस्तुर वापत रू. ................... दाखिला गरेको सक्कलै बैङ्क भौचर समेत संलग्न गरी यो निवेदन पेश गरेको छु।

निवेदक

दस्तखत:

नाम थर:

पद:

फोन नं.:

संस्थाको छाप

नेपाल कानून आयोग

## अनुसूची-२

**(नियम ६ को उपनयम (२) र नियम ७ को उपनियम (२) सँग सम्बन्धित)**

**दस्तुर सम्बन्धी व्यवस्था**

(१) आसयपत्रको निवेदन दस्तुरः

(क) एमबीबीएस कार्यक्रम: स्वदेशी लगानी भए दश लाख रुपैयाँ र विदेशी लगानी भए बीस लाख रुपैयाँ,

(ख) बीडीएस कार्यक्रम: स्वदेशी लगानी भए पाँच लाख रुपैयाँ र विदेशी लगानी भए दश लाख रुपैयाँ,

(ग) अन्य कार्यक्रम: प्रति कार्यक्रम स्वदेशी लगानी भए दुई लाख रुपैयाँ र विदेशी लगानी भए पाँच लाख रुपैयाँ।

तर विशिष्टिकृत सेवाका लागि चाहिने नयाँ शैक्षिक कार्यक्रम र नेपाल सरकारले प्राथमिकता तोकेको क्षेत्र र स्थानमा स्थापना भएको शिक्षण संस्थाका लागि निवेदन दस्तुर लाग्ने छैन।

(२) आसयपत्रको नवीकरण दस्तुरः

(क) एमबीबीएस कार्यक्रम: स्वदेशी लगानी भए पाँच लाख रुपैयाँ र विदेशी लगानी भए दश लाख रुपैयाँ,

(ख) बीडीएस कार्यक्रम: स्वदेशी लगानी भए दुई लाख रुपैयाँ र विदेशी लगानी भए पाँच लाख रुपैयाँ,

(ग) अन्य कार्यक्रम: प्रति कार्यक्रम स्वदेशी लगानी भए एक लाख रुपैयाँ र विदेशी लगानी भए दुई लाख रुपैयाँ।

तर विशिष्टिकृत सेवाका लागि चाहिने नयाँ शैक्षिक कार्यक्रम र नेपाल सरकारले प्राथमिकता तोकेको क्षेत्र र स्थानमा स्थापना भएको शिक्षण संस्थाका लागि नवीकरण दस्तुर लाग्ने छैन।

नेपाल कानून आयोग

**अनुसूची-३**

**(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)**

**सम्बन्धन सिफारिसको लागि दिने निवेदनको ढाँचा**

मिति:

श्री चिकित्सा शिक्षा आयोग,
काठमाडौं।

विषय: सम्बन्धन सिफारिसका सम्बन्धमा।

............प्रदेश............जिल्ला....................महा/उप/नगर/गाउँपालिका............वडा नं.......मा ........................................................ विषयको शैक्षिक कार्यक्रम सञ्चालनका लागि चिकित्सा शिक्षा आयोगबाट आशयपत्र प्राप्त गरेको यस संस्थाले "राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७" र आशयपत्रमा उल्लिखित सबै शर्त तथा मापदण्ड पूरा गरेको हुँदा सो सम्बन्धी कागजात तथा प्रमाणहरू, चार प्रति स्वयं मूल्याङ्कन प्रतिवेदन र निवेदन दस्तुर वापत रू. ................... दाखिला गरेको सक्कलै बैङ्क भौचर समेत संलग्न गरी सम्बन्धन सिफारिस प्राप्तिका यो निवेदन पेश गरेको छु।

विवरण

१. संस्थाको नाम:
२. संस्था दर्ता नं.:
३. संस्था दर्ता मिति:
४. संस्था दर्ता गर्ने निकाय:
५. स्थायी लेखा नं.
६. शिक्षण संस्थाको नाम:
७. शिक्षण स्थापना गर्ने स्थान:
८. सम्बन्धनका लागि सहमति प्रदान गर्ने विश्वविद्यालय:

संस्थाको छाप

निवेदक
दस्तखत:
नाम थर:

नेपाल कानून आयोग

# अनुसूची-४

(नियम १० को उपनियम (३) सँग सम्बन्धित)

## अनुगमनको रुजु सूची फाराम

| | |
|---|---|
| Outcome-1 | Educational institute infrastructure developed as per plan and standards |
| output-1 | Land |
| output-2 | Playground and open space |
| output-3 | Building: structure/structural strength/person with disability friendly |
| output-4 | floor area |
| output-5 | distribution of floor area |
| output-6 | Educational materials/Equipment |
| output-7 | Transportation |
| Outcome-2 | Hospital/health institution developed as per plan and standards |
| output-1 | Land |
| output-2 | Parking and open space |
| output-3 | Building: structure/structural strength/ person with disability friendly |
| output-4 | floor area |
| output-5 | distribution of floor area |
| output-6 | Hospital materials/Equipments |
| output-7 | Transportation |
| output-8 | Waste disposal and Environmental Impact Assessment/Initial Environmental Examination |
| Outcome-3 | Geographical distribution of medical University/Academy/College |
| output-1 | Distribution of health professional institutes (medical/dental/nursing etc.) |
| output-2 | Distribution of level of study (bachelor/masters etc) |
| output-3 | Distribution of subject disciplines (pharmacy/nursing/medicine etc) |
| Outcome-4 | Governance of institute |
| output-1 | Medical education delivered as per standards and protocols |
| output-2 | Quality education assurance system strengthened |
| output-3 | Legal status of the institute/academy |
| output-4 | Financial governance and mechanisms |
| output-5 | Human resource management (staff and faculty) |
| Outcome-5 | Coordination/collaboration-council, university, local govt. private |

| | |
|---|---|
| output-1 | Improved cooperation between professional councils |
| output-2 | Improved cooperation between universities/academies |
| output-3 | Improved cooperation between universities/academies |
| Outcome-6 | Student Admission/Entrance |
| output-1 | Tuition fee regulated |
| output-2 | Other fees regulated |
| output-3 | Payment plan and installments |
| output-4 | Social/Bank financing system to needy students |
| output-5 | Entrance examination protocol followed |
| output-6 | Distribution of students intake as per law (reservation) |
| output-7 | Scheme of admission (self-support/partial/full scholarship) |
| Outcome-7 | Curriculum followed |
| output-1 | Number of courses (level wise) |
| output-2 | Number of courses (subject wise) |
| output-3 | Revision of curriculum |
| output-4 | Curriculum evaluation unit established |
| Outcome-8 | Calendar of operation |
| output-1 | Uniformity of course commencement (all levels) |
| output-2 | Completion of course as per schedule |
| output-3 | Teaching hours followed |
| output-4 | Teaching plan followed |
| output-5 | Schedule of examination (internal/external) followed |
| output-6 | Implementation of curriculum assured (content) |
| Outcome-9 | Faculties/human resources |
| output-1 | Number of faculties (as per level and course) |
| output-2 | Qualification of faculty (as per level and course) |
| output-3 | Faculty development training |
| output-4 | Retention of faculty assured |
| output-5 | Faculties involved in research work/publications |
| Outcome-10 | Student welfare/extra-curricular/discipline/counseling |
| output-1 | Social Counseling unit established |
| output-2 | Academic Counseling unit established |
| output-3 | Sports activities and facilities |
| output-4 | Annual/Social functions |
| output-5 | Academic tours/visit/observation |
| output-6 | Students' participation in welfare/extra-curricular |
| Outcome-11 | Social responsibility |
| output-1 | Health/Medial camp |
| output-2 | Disaster and Emergency response and preparedness |
| output-3 | Health education/Counseling |

## ϕअनुसूची-५

(नियम १६को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

दुर्गम क्षेत्रमा काम गरे बापतको अङ्क

(क) देहायको भौगोलिक क्षेत्रमा काम गरे बापत प्रतिवर्ष ३ अङ्क

(१) ताप्लेजुङ्ग, सङ्खुवासभा, सोलुखुम्बु, दोलखा, मनाङ्ग, रोल्पा, रुकुम, हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, जाजरकोट, बझाङ्ग, बाजुरा, दार्चुला र दैलेख जिल्ला,

(२) धादिङ जिल्लाको सेतीवास उत्तरको सिंहार क्षेत्र,

(३) गोरखा जिल्ला सिर्दिवास उत्तरको लार्के क्षेत्र,

(४) रसुवा जिल्लाको राम्चे भन्दा उत्तरको क्षेत्र,

(५) लमजुङ्ग जिल्लाको खुदि उत्तरी क्षेत्र,

(६) मुस्ताङ जिल्ला र उत्तरी बाग्लुङको ढोर पाटन क्षेत्र,

(७) सदरमुकाम बाहेक पाँचथर, भोजपुर, तेह्रथुम, ओखलढुङ्गा, खोटाङ्ग, रामेछाप, अर्घाखाँची, गुल्मी, म्याग्दी, पर्वत सल्यान, प्यूठान, डडेलधुरा, डोटी, अछाम र बैतडी जिल्लाको सम्पूर्ण भाग,

(८) उत्तरी बाग्लुङको ढोरपाटन क्षेत्र र म्याग्दी जिल्लाको निस्कोट पहाडबाट दक्षिण तर्फ बाग्लुङ जिल्लाको तारा गाउँपालिकामा पर्ने रातामाटा हुँदै गुल्मी जिल्ला उत्तर दक्षिण अक्षांस रेखाको पूर्वी भाग बाहेकको बाग्लुङ जिल्ला।

(ख) देहायको भौगोलिक क्षेत्रमा काम गरे बापत प्रतिवर्ष २.५ अङ्क

(१) पाँचथर, भोजपुर, तेह्रथुम, ओखलढुङ्गा, खोटाङ्ग, रामेछाप, अर्घाखाँची, गुल्मी, म्याग्दी, पर्वत, सल्यान, प्यूठान, डडेलधुरा, डोटी, अछाम र बैतडी जिल्लाको सदरमुकाम,

(२) ईलाम, धनकुटा, उदयपुर, सिन्धुली, सिन्धुपाल्चोक, पाल्पा, तनहुँ, स्याङ्गजा, दाङ्ग, बर्दिया र सुर्खेत जिल्ला,

(३) सेतीवास उत्तरको सिंहार बाहेक धादिङ जिल्लाको बाँकी सम्पूर्ण भाग,

(४) सिर्दिवास उत्तरको लार्के क्षेत्र बाहेक गोरखा जिल्लाको बाँकी सम्पूर्ण भाग,

(५) खुदी उत्तर बाहेक लमजुङ जिल्लाको बाँकी सम्पूर्ण भाग,

ϕ पहिलो संशोधनद्वारा संशोधित।



नेपाल कानून आयोग

(६) म्याग्दी जिल्लाको निरकोट पहाडबाट दक्षिण तर्फ, बाग्लुङ्ग जिल्लाको रातमाटागाउँ हुँदै गुल्मी जिल्लालाई छुने उत्तर दक्षिण अक्षांस रेखा देखि पूर्व पर्ने बाग्लुङ्ग जिल्लाको बाँकी भाग,

(७) नुवाकोट, काभ्रेपलाञ्चोक, ललितपुर (उपत्यका बाहिर) जिल्लाको सम्पूर्ण भाग,

(८) सदरमुकाम बाहेक झापा, मोरङ, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, सप्तरी, सिरहा कास्की, नवलपरासी (बर्दघाट सुस्तापूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) बारा, पर्सा, रौतहट, चितवन, मकवानपुर, कपिलवस्तु, बाँके, कैलाली र कन्चनपुर जिल्लाको सम्पूर्ण भाग,

(९) सदरमुकाम र नगरपालिका क्षेत्र बाहेक रुपन्देही जिल्लाको सम्पूर्ण भाग।

नेपाल कानून आयोग

**अनुसूची-६**

**(नियम २२ उपनियम (१) सँग सम्बन्धित)**

**<u>कबुलियतनामा</u>**

श्री ............................को नाति/नातिनी श्री ............................ को छोरा/छोरी .......... जिल्ला ..................नगर/गाउँपालिका वडा नं. ...... मा स्थायी बसोबास भएको मिति ................. मा जन्मेको म ............................ चिकित्सा शिक्षा आयोगबाट......................................विषयमा अध्ययनका लागि .......................... संस्था/देशमा निःशुल्क/आंशिक/स-शुल्क छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन/तालीम पश्चात ऐन तथा यस नियमावली बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्ने छु। सो बमोजिम नगरेमा मैले अध्ययन गरेको शिक्षण संस्थामा पूर्ण शुल्क तिर्ने विद्यार्थीले तिरेको रकमको दोब्बर रकम जरिबाना बापत बुझाउने छु। सो रकम मैले नबुझाएमा मेरो घरघरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी .............................मार्फत चिकित्सा शिक्षा आयोगमा बुझाएँ।

छात्रवृत्ति पाउनेको,

दस्तखतः

नाम थरः

स्थायी ठेगानाः

सम्पर्क ठेगानाः

टेलिफोन नं.ः

ल्याप्चे सहीछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

नेपाल कानून आयोग

## अनुसूची-७
## (नियम २५ को उपनियम (२) सँग सम्बन्धित)
## शैक्षिक कार्यक्रम प्रत्यायनको लागि आयोगमा दिनु पर्ने निवेदनको ढाँचा

मिति:

श्री मापदण्ड तथा प्रत्यायन निर्देशनालय,
चिकित्सा शिक्षा आयोग,
काठमाडौं।

विषय: कार्यक्रम प्रत्यायन सम्बन्धमा।

यस शिक्षण संस्थाद्वारा सञ्चालित ............................................................शैक्षिक कार्यक्रम राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ बमोजिम निर्धारित प्रत्यायन सम्बन्धी शर्त एवं मापदण्ड पूरा गरी प्रत्यायनयोग्य भएको हुँदा देहायका विवरण तथा कागजातहरू र चार प्रति स्वयं मूल्याङ्कन प्रतिवेदन र निवेदन दस्तुर वापत रू. .................... दाखिला गरेको सक्कलै बैङ्क भौचर समेत संलग्न गरी प्रत्यायन गरिदिने व्यवस्थाका लागि यो निवेदन पेश गरेको छु।

विवरण

संस्थाको नाम:
शिक्षण संस्थाको नाम:
प्रत्यायनका लागि आवेदन गरेको शैक्षिक कार्यक्रम:
शिक्षण संस्थाको उद्देश्य:
विद्यार्थीको मूल्याङ्कन:
विद्यार्थी सङ्ख्या:
प्राज्ञिक जनशक्ति तथा कर्मचारी सङ्ख्या:
शैक्षिक स्रोत साधन:
कार्यक्रम मूल्याङ्कन प्रक्रिया:
व्यवस्थापकीय सुशासन:
अद्यावधिक नवीकरण:

संस्थाको छाप

निवेदक
दस्तखत:
नाम थर:
पद:

नेपाल कानून आयोग

# अनुसूची-८
## (नियम ४४ सँग सम्बन्धित)

## चिकित्सा शिक्षाका तह, विषय र कार्यक्रम

(क) स्नातकोत्तर तहका विषय र कार्यक्रमहरु

| |
|---|
| M. Optometry |
| MN (Women Health Development ) |
| MN ( Adult Nursing ) |
| MN (Paeditric Nursing ) |
| MN (Psychiatric Nursing ) |
| MDS Orthodontics and Dentofacial Orthopaedics |
| MDS Oral Pathology |
| MDS Periodontology and Oral Implantology |
| MDS Prosthodontics |
| MDS Oral and Maxillofacial Surgery |
| MDS Conservative Dentistry and Endodontics |
| MDS Pedodontics and Preventive Dentistry |
| MD Oral Medicine and Radiology |
| MD Public Health Dentistry |

**DM/MCH**

| |
|---|
| DM CARDIOLOGY |
| DM GASTROENTEROLOGY |
| DM HEPATOLOGY |
| DM MEDICAL ONCOLOGY |
| DM NEPHROLOGY |
| MCh NEUROSURGERY |
| MCH PLASTIC & RECONTRUCTIVE SURGERY |
| MCh UROLOGY |
| MCh SURGICAL GASTROENTEROLOGY |
| DM NEUROLOGY |
| DM DIABETES & ENDOCRINOLOGY |
| DM PULMONARY , CRITICAL CARE & SLEEP MEDICINE |
| MCh THORACIC & VASCULAR SURGERY |
| DM CRITICAL CARE & EMERGENCY |

DM NEONATOLOGY

| |
|---|
| MD Anesthesiology |
| MD Dermatology |
| MD Internal Medicine |
| MD Obstetrics and Gynecology |
| MD Ophthalmology |
| MD Pediatrics |
| MD Psychiatry |
| MD Radiodiagnosis |
| MD Community Medicine |
| MD Biochemistry |
| MD Clinical Pharmacology |
| MD Clinical Physiology |
| MD Forensic Medicine |
| MD Microbiology |
| MD Pathology |
| MS Clinical Anatomy |
| Ms General surgery |
| Ms Orthopedics |
| MD Radiation Oncology |
| MD General Practice & Emergency Medicine |
| MD/MS Otorchinolaryngology |
| MD Aryurveda (Kayachikitsa) |
| M.Phil. Clinical Psychology |
| M.Sc. Clinical Microbiology |
| M.Sc. Clinical Biochemistry |
| M.Sc . MIT |
| M.Sc.in Public Health/MPH Programs |
| M.Sc . Nursing Community Health Nursing |
| M.Sc Nursing Psyciatric Nursing |
| M.Sc Nursing Maternal Health Nursing |
| M.Sc . Nursing Child Health Nursing |
| M.Sc Nursing Medical Surgical Nursing |
| M.Sc in Human Anatomy |
| M.Sc in Human physiology |
| M.Sc in Medical Bio chemistry |
| M.Sc in Medical Microbiology |
| M.Sc in Pharmacology |
| MD Hospital Administration<br>M. Pharmacy |

| (ख) स्नातक तहका विषय र कार्यक्रमहरुः | |
|---|---|
| S N | Subjects |
| 1 | Bachelor of Medicine Bachelor of Surgery |
| 2 | Bachelor of Dental Surgery |
| 3 | Bachelor of Public Health |
| 4 | BNS |
| 5 | B Sc. Nursing |
| 6 | Bachelor of Midwifery Science |
| 7 | Bachelor of Pharmacy |
| 8 | Bachelor of Physio Therapy |
| 9 | Bachelor of Optometry |
| 10 | Bachelor of Perfusion Technology |
| 11 | BSc. Medical Imaging Technology |
| 12 | BSc. Medical Lab Technology |
| 13 | Bachelor of Aayurbedic Medicine and Surgery |
| 14 | Bachelor of Audiology and Speech Language Pathology |

(ग) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रमहरुः

| |
|---|
| NBMS – Speciality |
| NBMS - Sub Speciality |

नेपाल कानून आयोग